हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

१ नं. प्रदेश, नेपाल

पत्र संख्याः- २०७५/०७६

सु.नं.-

गोपाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## आन्तरिक कर ढुङ्गा, गिटी, वालुवा उत्खनन् तथा विक्रि सम्वन्धी सिलवन्दी वोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५।०५।०७)**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (६) मा भएको व्यवस्था, स्वीकृत आ.ई.ई. र यस गाउँपालिकाको मिति २०७५।०५।०३ मा वसेको राजश्व परामर्श समितिको वैठकको निर्णय अनुसार आ.व. २०७५/०७६ को लागि आन्तरिक कर संकलनको ठेक्का लगाउने भनि निर्णय भएनुसार देहायका उल्लेखित स्थानहरुवाट ढुङ्गा, गिटी, वालुवा, चिप्स आदि उत्खनन् संकलन र जिल्ला भित्र तथा वाहिर निकासी गर्न कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तोकिएको दररेटमा स्वीकृत खोला तथा नदीहरुवाट स्वीकृत परिमाण भन्दा वढी उत्खनन् नहुने गरी ठेक्का लिन ईच्छुक ईजाजत प्राप्त  व्यक्ति, फर्म वा संस्थाले छुट्टा छुट्टै ठेक्काको छुट्टा छुट्टै वोलपत्र पेश गर्न तपसिल वमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।**

शर्तहरुः

१. यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र व्यक्ति, फर्म वा संस्थाले चालु आ.व.२०७४/०७५ मा नविकरण भएको ईजाजत पत्रको प्रतिलिपि, आयकर दर्ताको प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि र राष्ट्रिय वाणिज्य वैक, सिन्धुलीमा रहेको धरौटी खाता नं १०६०३०३००७१०३ मा ठेक्का फर्म वापत तोकिएको रकमको सक्कलै वैंक भौचर (फिर्ता नहुने गरी) वा कार्यालयवाट नगद वुझिलिएको नगदी रसिद सहित कार्यालय समय भित्र छुट्टा छुट्टै फर्मको निवेदनवाट वोलपत्र फारम कार्यालयवाट खरिद गर्न सकिने छ ।

२. वोलपत्र फारम खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाँप लागेको वोलपत्र फारम सूचना प्रकाशन भएको मितिले ३०औं दिन सम्ममा कार्यालय समयभित्र वोलपत्र फारम खरिद गरि ३१औं दिनको १२:०० बजेभित्र दर्ता गरिसक्नु पर्नेछ । उक्त दरभाउपत्र ३१औं दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्रदाता वा निजहरुको अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३. वोलपत्र फारम खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

४. ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको ५ प्रतिशत रकम धरौटी राख्नुपर्नेछ । धरौटी वापतको रकम राष्ट्रिय वाणिज्य वैक, सिन्धुलीमा रहेको धरौटी खाता नं १०६०३०३००७१०३ मा जम्मा गरेको सक्कलै वैंक भौचर संलग्न गर्नुपर्नेछ ।

५. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र केरमेट भएको ठाउँमा सिलवन्दी दरभाउपत्रदाताको स्पष्टसँग सहिछाँप भएको हुनुपर्नेछ ।

६. ठेकेदारले कबोल गरेको रकम दुई किस्तामा वुझाउनु पर्नेछ । एकमुष्ठ रकम वुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

७. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोडन पाउने छैन । विचैमा ठेगेदारले ठेक्का तोडेमा निजवाट असुल उपर हुन वाँकी रकममा नियमानुसारको व्याज जोडी असुल उपर गरिनेछ ।

८. कुनै शर्त राखि पेश गरिएको सिलबन्दी वोलपत्र फारम स्विकार गर्ने वा नगर्ने एवं सूचना रद्ध गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

९. सूचना शर्त विपरित भएको, रीत नपुगेको र म्याद नाघी पेश हुन आएको वोलपत्र फारम उपर कुनै कारवाही गरिने छैन ।

१०. थप जानकारीको लागि कार्यालय वा फोन नं. ९८५४०४१८८२ मा सर्म्पक राख्न सक्नु हुनेछ ।

हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

३ नं. प्रदेश नेपाल

पत्र संख्या:- २०७५/०७६ च.नं.-

११.उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

१२. माथि उल्लेखित वाहेक अन्य विषयहरु गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

**ठेक्काको विवरण**

| ठेक्का नं | ठेक्काको क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु. | ठेक्का फारम शुल्क |
|---|---|---|---|
| ०४/०७५/०७६ | वागमती खोलाको आसपासका ढुङ्गा,गिटी, वालुवा, चिप्स आदी | १०,४८,७९६।- | रु.१०००।- |
| ०५/०७५/०७६ | सोकन खोलाको आसपासका ढुङ्गा,गिटी, वालुवा, चिप्स आदी | ५,०८,५०७।- | रु.१०००।- |
| ०६/०७५/०७६ | धनमना खोलाको आसपासका ढुङ्गा,गिटी, वालुवा, चिप्स आदी | ५,७२,०७०।- | रु.१०००।- |
| ०७/०७५/०७६ | मरिण खोलाको आसपासका ढुङ्गा,गिटी, वालुवा, चिप्स आदी | ३६,७०,७८६।- | रु.३०००।- |
| ०८/०७५/०७६ | क्यान खोलाको आसपासका ढुङ्गा,गिटी, वालुवा, चिप्स आदी | १४,४९,२४५।- | रु.१०००।- |
| ०९/०७५/०७६ | कौवा खोलाको आसपासका ढुङ्गा,गिटी, वालुवा, चिप्स आदी | २,८६,०३५।- | रु.१०००।- |
| १०/०७५/०७६ | पथराही खोलाको आसपासका ढुङ्गा,गिटी, वालुवा, चिप्स आदी | १२,७१,२६८।- | रु.१०००।- |

गोपाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
२०७६/०५/०६